## जातीय समानताको बढावाको निम्ति
## विद्यमान र योजनाबद्ध उपायहरू

## कर्मचारी क्षतिपूर्ति सहायता कोष बोर्ड
## (एम्प्लोइ कम्पेन्सेशन असिस्टेन्स फण्ड बोर्ड)

कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेश (क्याप 365 ) ("द ECAO") अन्तर्गत कर्मचारी क्षतिपूर्ति सहायता कोष बोर्ड (द बोर्ड) को स्थापना 1 जुलाई 1991 मा भएको थियो। यसले ECAO अन्तर्गत स्थापित कर्मचारी क्षतिपूर्ति सहायता कोष ("द कोष")को व्यवस्थापन गर्दछ र कर्मचारीहरुको क्षतिपूर्ति र राहत भुक्तान योग्य व्यक्तिहरुको अधिकार संरक्षणको लागि कर्मचारी क्षतिपूर्तिको सहायता योजना गर्दछ।

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • घाइते कामदारहरु वा मृतक कर्मचारीहरुका योग्य परिवारका सदस्यहरु जसले कामदारहरुको क्षतिपूर्ति वा कमन ल क्षतिपूर्ति प्राप्त गर्न असमर्थ छन् जसमा सम्बन्धित रोजगारदाता(वा बीमाकर्ता)द्वारा सबै कानूनी तथा आर्थिक रुपमा पुन: प्राप्तिको सम्भव माध्यमहरु पूर्ण गरेपछि, यस कोषबाट सहयोग प्राप्त गर्न आवेदनको लागि योग्य हुन्छ। |
| विद्यमान उपायहरू | • बोर्डले चिनियाँ र अंग्रेजीमा सेवाहरु प्रदान गर्दछ।<br>• अल्पसंख्यक जातीय बासिन्दाहरुको लागि आवश्यक र उपयुक्त भएमा अल्पसंख्यक जातीयहरुको केन्द्र (सेन्टर फर हार्मनी एण्ड एन्हैन्स्मेन्ट अफ एथ्निक माईनोरेटी रेसिडेन्स्) मार्फत दोभाषे सेवाको व्यवस्था गरिनेछ। |
| भावी कार्यको मूल्यांकन | • विविध जातियका व्यक्तिहरुलाई सेवा आवश्यकताहरुको आंकलन गर्नको लागि बोर्डले सेवा प्रयोग सम्बन्धी विवरण र तथ्याङ्कहरु (गैर-व्यक्तिगत विवरण)को संकलन गर्दछ। |
| लिइएका/ लिनुपर्ने थप उपायहरु | • "कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेश अन्तर्गत सहयोगका लागि आवेदन बारे जानकारी" र "कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेश बारे प्राय: सोधिने प्रश्न"को पर्चाहरु विविध जातीहरुका निम्न विभिन्न |

आठ वटा भाषाहरूमा (इन्डोनेशियन, नेपाली, उर्दू, पन्जाबी, तागालोग, थाई, हिन्दी र भियतनामी) अनलाईन उपलब्ध गर्नको साथै कार्यालयमा प्रकाशित प्रतिलिपिहरु प्रदान गरिन्छ ।

- हाम्रा सेवाहरू सुधार गर्नको निम्ति बोर्डले विविध जातीय समूहका व्यक्तिहरूको राय र सुझावहरूलाई अध्ययन गर्नेछ ।

- सो उपायहरुको निरन्तर सुधारका लागि नियमित रुपमा समीक्षा गरिन्छ ।

जातीय समानताको बढावाको निम्ति विद्यमान तथा योजनाबद्ध उपायहरु बारे सोधपुछ गर्न, कृपया बोर्डको प्रशासन र वित्त अधिकारीलाई निम्न माध्यमहरू मार्फत सम्पर्क गर्नुहोस् -


| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 2116 5684 |
| फ्याक्स नं. | : | 2109 0310 |
| ईमेल | : | contact@ecafb.org.hk |
| पत्राचार ठेगाना | : | 33/F, Morrison Plaza, 9 Morrison Hill Road, Wanchai, Hong Kong |


**कर्मचारी क्षतिपूर्ति सहायता कोष बोर्ड**
**मे 2026**